बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

# कोरोना बीमा सम्बन्धी
# प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसबाट उत्पन्न हुन सक्ने जोखिमको आर्थिक सुरक्षण प्रदान गर्न आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यको बुँदा नं. ५५ र २८५ को कोरोना बीमा सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा बीमा समितिले कोरोना बीमा मापदण्ड, २०७७ बनाई लागु गरेको छ । समितिले लागु गरेको मापदण्डमा मुख्य रुपमा देहायका व्यवस्था गरिएको व्यहोरा आम संचार माध्यम मार्फत सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुको जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छ ।

## कोरोना बीमालेख :-

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसबाट उत्पन्न हुन सक्ने जोखिमको आर्थिक सुरक्षण प्रदान गर्न बीमा समितिबाट इजाजतपत्र प्राप्त नेपालका २० वटा निर्जीवन बीमा कम्पनीहरु मार्फत विक्री भइरहेको बीमा कोरोना बीमा हो ।

## कोरोना बीमाको बीमाङ्क रकम र बीमाशुल्क :-

यो बीमालेख अन्तर्गत रु. १ लाख र रु. ५० हजार गरी दुई प्रकारको बीमाङ्क कायम गरिएको छ । रु. १ लाख बीमाङ्क कायम भएको बीमालेखका लागि प्रतिव्यक्ति रु १ हजार र रु. ५० हजारको बीमाङ्कका लागि प्रतिव्यक्ति रु. ५०० बीमाशुल्क कायम गरिएको छ । यदि सगोलमा बसेको परिवारका सम्पूर्ण सदस्यहरुको सामूहिक बीमा गरिएको खण्डमा रु १ लाखको बीमाङ्कका लागि प्रति व्यक्ति रु. ६०० र रु. ५० हजारको बीमाङ्कका लागि प्रति व्यक्ति रु. ३०० बीमाशुल्क कायम गरिएको छ ।

## बीमालेख खरिद गर्नका लागि आवश्यक न्यूनतम सर्तहरु :-

- नेपाली नागरिक हुनुपर्ने ।
- कुनै नेपाली नागरिक भारत वा तेस्रो मुलुकबाट नेपाल फर्केको रहेछ भने १५ दिन अनिवार्य रुपमा क्वारेन्टीनमा र बाँकी १५ दिन आफ्नो परिवारसँग गरी कुल ३० दिन बसेको सम्बन्धित स्थानीय तहले प्रमाणित गरेको कागजात ।
- सामुहिक कोरोना बीमाका लागि आफ्नो एकाघर परिवारका सदस्यहरु उल्लेख गरिएको स्वघोषणा सहित सम्बन्धित स्थानीय तहले प्रमाणित गरेको कागजात ।
- एकल वा सामूहिक कोरोना बीमा खरिद गर्न चाहने व्यक्ति वा परिवार विगत ३० दिनसम्म नेपालमा बसोबास गरेको स्थानीय तहले प्रमाणित गरेको कागजात ।

## दाबी सम्बन्धी व्यवस्था :-

कोरोना बीमालेख खरिद गरेको १५ दिन पश्चात् र नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गतका निकायबाट पिसिआर परीक्षण गर्दा कोरोना भाइरस संक्रमण भएको पाइएमा बीमालेख बमोजिमको रकम भुक्तानी प्राप्त गर्न सकिनेछ । सो कार्यका लागि बीमा कम्पनीले दाबीको निवेदन प्राप्त गरेको ७ दिन भित्र बीमितलाई दाबी भुक्तानी गर्नु पर्नेछ ।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np

यदि दाबी भुक्तानी नहुदै बीमितको मृत्यु भएमा बीमितले इच्छाएको व्यक्ति वा कानूनी हकवालालाई भुक्तानी गर्नु पर्नेछ । यो बीमालेख सुविधा कुनै पनि परिवारले एउटा कम्पनीबाट एकपटकका लागि मात्र पाउनेछ । साथै, बीमालेखको अवधि २०७८ साल असार मसान्तसम्म मात्र लागु हुनेछ ।

**नेपाल सरकारबाट अनुदान :-**

राष्ट्र सेवक कर्मचारीहरुको सामूहिक कोरोना बीमा गर्दा नेपाल सरकारले शत प्रतिशत अनुदान उपलब्ध गराउनेछ । नेपाल सरकारको चालु आर्थिक बर्षको बजेट बक्तव्य अनुसार आम नागरिकले गर्ने सामूहिक कोरोना बीमामा मात्र ५० प्रतिशत अनुदान उपलब्ध गरइनेछ ।

**सामूहिक कोरोना बीमाका लागि अनुदान प्राप्त गर्न बीमकले देहायका कागजातहरु पेश गर्नुपर्नेछ :-**

- समितिबाट जारी गरिएको कोरोना बीमा मापदण्ड, २०७७ मा तोकिए बमोजिमका जोखिमाङ्कन व्यवस्था सम्बन्धी कागजातहरु ।
- एकाघर परिवारका सम्पूर्ण सदस्यहरुको सामूहिक बीमा गरिएको स्वघोषण एवं सम्बन्धित स्थानीय तहले प्रमाणित गरेको कागजात ।
- एकाघर परिवारका सदस्यहरुको नाम तथा उमेर खुल्ने सम्बन्धित स्थानीय तहले प्रमाणित गरेको कागजात ।
- कोरोना बीमा गरेको परिवार विगत ३० दिनसम्म नेपालमा नै बसोबास गरेको सम्बन्धित स्थानीय तहले प्रमाणित गरेको कागजात ।

बीमकले सामूहिक बीमा गर्दा उल्लेखित प्रकृया र मापदण्ड विपरीत बीमा गरेको पाइएमा त्यस्तो बीमाशुल्क अनुदान स्वरुप उपलब्ध गराइने छैन । साथै, त्यस्तो बीमितको कोरोना संक्रमण भएको पाइएमा बीमालेख विक्री गर्ने बीमा कम्पनीको वासलातबाट दावी भुक्तानी दिन सम्बन्धित बीमकलाई समितिले निर्देशन दिन सक्नेछ ।

**अन्य व्यवस्थाहरु :-**

यो बीमालेख बीमा समितिबाट इजाजत पत्र प्राप्त २० वटै निर्जीवन बीमा कम्पनीहरुको बीमा पुल मार्फत संचालन गरिएकोले आफूलाई पायक पर्ने जुनसुकै बीमा कम्पनी मार्फत खरिद गर्न सकिनेछ । बीमालेख खरिद गर्दा बीमा समितिबाट जारी गरिएको कोरोना बीमा मापदण्ड, २०७७ का प्रकृयाहरु पुरा गर्नुपर्ने भएकोले समितिको वेवसाईट (www.nib.gov.np) भ्रमण गर्न वा नजिकको कुनै पनि निर्जीवन बीमा कम्पनीको कार्यालयमा सम्पर्क राख्नुहुन आम दाजुभाई तथा दिदि बहिनीहरुमा अनुरोध गरिन्छ ।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक/प्रवक्ता

मिति: २०७७।०४।२१

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np